नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, गुल्मी

## परियोजना कार्यान्वयन इकाई (मकै जोन) सुचिकृत सम्वन्धि सूचना

दोस्रो पटक प्रकाशित मितिः २०७८।०७।१२

सूचना नं ०९

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, गुल्मीले मकै जोन अन्तरगत मकैको उत्पादन एवम् उत्पादकत्व अभिवृदि गर्ने, कृषि यान्त्रिकरण, कृषि पुर्वाधारहरु एवम् बजारिकरणको विकास गर्ने उद्देश्यका साथ गुल्मी जिल्लाको ६ वटा स्थानिय तहको १८ वटा वडाहरुमा मकै जोनसंग सम्वन्धित क्रियाकलापहरु आ.व. २०७८/०७९ देखि सञ्चालन हुने गरी स्वीकृत भएको छ। यसै सन्दर्भमा परियोजनाको उद्देश्य हासिल गर्न परियोजना कार्यान्वयन म्यानुअल २०७७मा व्यवस्था भएबमोजिम माथि उल्लेखित परियोजना लागु भएका क्षेत्र भित्र क्रियाशिल एवम् मकै जोनमा सुचिकृत हुन चाहने साविक जिल्ला कृषि विकास कार्यालय, स्थानिय तह एवम् अन्य संस्थामा कानुन बमोजिम दर्ता भएका कृषक समूह,कृषि सहकारी संस्थाहरु वा कृषि उद्यमीहरुले परियोजना कार्यान्वयन इकाईले तय गरेको निर्धारित आवेदन ढाँचामा तपशिलका आवश्यक सहयोगी कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सुचिकृतका लागि परियोजनाको कार्यालय तम्घास, गुल्मीमा आबेदन पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

**मकै जोन/बाखा जोनका कार्यक्षेत्रहरु:**

| मकै जोन | | |
|---|---|---|
| क्र.स. | स्थानीय तह | वडाहरु |
| १ | मुसिकोट नगरपालिका | १,५,६,७ |
| २ | चन्द्रकोट गाउँपालिका | ७,८ |
| ३ | सत्यवती गाउँपालिका | १,२,५,६,७ |
| ४ | रुरुक्षेत्र गाउँपलिका | २,५,६ |
| ५ | छत्रकोट गाउँपालिका | १,४ |
| ६ | गुल्मीदरबार गाउँपालिका | १,२ |

**आवश्यक कागजातहरु**

- परियोजनाले निर्धारित गरेको ढाँचा अनुसारको आवेदन फारम
- कृषक समूह/ कृषि सहकारी / कृषि उद्यमीको अद्यावधिक दर्ता प्रमाण पत्रको प्रतिलिपि
- कृषक समूह / कृषि सहकारी / कृषि उद्यमीको जोनमा आवद्दता सम्वन्धि वैठक निर्णयको प्रतिलिपि
- समूह/सहकारी/कृषि उद्यमीको हकमा गत आ.व.को लेखा प्रतिवेदनको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा स्थायी लेखा नम्वरको प्रतिलिपि
- सहकारी र समूहको हकमा मकै वीउ उत्पादन र बाखापालन वा व्यवसायमा सामुहिक रुपमा लाग्ने प्रतिवद्धता
- जोनमा आवद्दताका लागि सम्वन्धित गा.पा./न.पा. को सिफारिस पत्र

श्रीकृष्ण थापा
नि. वरिष्ठ कृषि अधिकृत

थप जानकारीका लागि परियोजना कार्यान्वयन एकाइ, गुल्मी, तम्घास

सम्पर्क नं.: ०७९-५२०८६७, ०७९-५५१०९०, ०७९-५२०५५१

ईमेल: pmamp.piu.gulmi@gmail.com

वभेवसाइट:piugulmi.pmamp.gov.np

नेपाल सरकार
कृषितथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, गुल्मी

फोन नं: ०७९-५२०५५१, ०७९-५२१०९०
इमेल नं. pmamp.piu.gulmli@gmail.com
Website: piugulmi.pmamp.gov.np

## कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति:-२०७८/०७/१२**

**सूचना नं:१०**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाई, गुल्मीको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तपशिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि मकै/बाखा जोन क्षेत्रका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमी सूचिकृत भई सूचना प्रकाशन भएको मितिले २१ दिन (एक्काइस) भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।साथै आवेदन प्रस्ताव फारम परियोजना कार्यान्वयन एकाई, गुल्मी वा सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ। म्याद भित्र प्राप्त भएका आवेदन प्रस्तावहरुको छनौट परियोजना कार्यान्वयन म्यानुअल-२०७७ ले तोके बमोजिम हुने कुरा जानकारी गराइन्छ।

**तपशिल:**

| सि. नं | कार्यक्रम/क्रियाकलाप | परियोजनाबाट व्यहोर्ने अनुदान प्रतिशत | वार्षिक लक्ष्य | कार्यक्रम सञ्चालान हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | बाखापालन कृषकहरुलाई घास बाली प्रबर्दन कार्यक्रम | बढिमा ५०% | १ पटक | बाखा जोन | |
| २ | मकै क्षेत्रफल विस्तार कार्यक्रम | बढिमा ५०% | ३० हे. | नयाँ मकै जोन क्षेत्र | समुह/सहकारीको हकमा कम्तिमा १५० रोपनी क्षेत्रफल र नीजि उद्यमीको हकमा कम्तिमा १० रोपनी क्षेत्रफल हुनु पर्ने। |

**नया मकै जोन क्षेत्रः** मुसिकोट - १,५,६,७ चन्द्रकोटः७,८ सत्यवतीः१,२,५,६,७ रुरु क्षेत्रः२,५,६ छत्रकोटः१,४ गुल्मीदरवारः१,२

**बाखा जोन क्षेत्रः** मुसिकोटः१ धुर्कोटः६,७ मदानेः३,६ मालीकाः ६,७ इस्माः ४,५,६

**प्रस्तावका साथ कअनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

१) रु. १० को टिकट टाँस गरि निवेदन।

२) परियोजना कार्यान्वयन इकाईले तयार गरेकोरित पूर्वक भरेको आवेदन फारम।

३) कृषक समुह/कृषि फर्म/ कम्पनी /कृषि उद्यमी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।

४) लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता र स्थायी लेखा नंबर प्रमाणपत्रको प्रतिलिपि।

५) कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीको प्रमुख वा अध्यक्ष र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

६) कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपी।

७) सम्बन्धित स्थानीय तहको वडाको सिफारिस।

श्रीकृष्ण न्यौपाने
नि. वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषितथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन
परियोजना कार्यान्वयन एकाइ, गुल्मी

फोन नं: ०७९-५२०५५१, ०७९-५२१०९०
इमेल नं. pmamp.piu.gulmli@gmail.com
Website: piugulmi.pmamp.gov.np

## कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति:-२०७८/०७/१२**

**सूचना नं: ११**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाइ, गुल्मीको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रमहरु संचालनका लागि कफी सुपरजोन/मकै जोन अनुशरण/सुन्तलाजात फलफुल जोन क्षेत्रका परियोजना कार्यान्वयन एकाईमा सुचिकृत भएका कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीहरुलाई तपशिल बमोजिमका लक्षित कार्यक्रम संचालन गर्नका लागि उल्लेखित कागजात संलग्न गरी सूचना प्रकाशन भएको मितिले **२१ दिन (एक्काइस )** भित्र कार्यालय समयमा रित पुर्वक प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ। साथै आवेदन प्रस्ताव फारम परियोजना कार्यान्वयन एकाई, गुल्मी वा सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ। म्याद भित्र प्राप्त भएका आवेदन प्रस्तावहरुको छनौट परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले तोके बमोजिम हुने कुरा जानकारी गराईन्छ।

<u>तपशिल:</u>

| सि. नं | कार्यक्रम/क्रियाकलाप | परियोजनाबाट व्यहोर्ने अनुदान प्रतिशत | वार्षिक लक्ष्य | कार्यक्रम सञ्चाला हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्रोत बीउ उत्पादनमा सहयोग | बढिमा ५०% | १०० हे. | मकै जोन अनुशरण | समुह/सहकारीको हकमा कम्तिमा ७५ रोपनी क्षेत्रफल र नीजि उद्यमीको हकमा कम्तिमा १० रोपनी क्षेत्रफल तथा पोष्ट हार्भेष्ट सेन्टर भएको वा नजिकको पोष्ट हार्भेष्ट सेन्टरसँगको सम्झौता हुनु पर्ने। |
| २. | पोष्टहार्भेष्ट सेन्टर सञ्चालनमा रहेका समुह/सहकारीको बजारिकरण क्षमताका लागि संस्थागत विकास | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | १ पटक | मकै जोन अनुशरण | मकै जोन अन्तरगत समुह/सहकारी मात्र सञ्चालित पोष्ट हार्भेष्ठ सेन्टरको लागि मात्र। |
| ३. | कफी क्षेत्रफल विस्तार कार्यक्रम | बढिमा ५०% | ३०हे. | कफी सुपरजोन क्षेत्र | कम्तिमा १५० रोपनी क्षेत्रफलको कलस्टरको लागि एउटै ब्लक भित्र कम्तिमा ५० रोपनीको ३ वटा सहायक कलस्टर बनाउने प्रतिबद्धता हुनु पर्ने। |
| ४. | कफी नर्सरी सेड हाउस निर्माण/सुदृढिकरण | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | ६ वटा | कफी सुपरजोन क्षेत्र | कलष्टरमा व्यवसायीक रुपमा कफी खेती गरेको हुनुपर्ने। |
| ५. | कफीको ICS तथा प्रमाणिकरण सहयोग | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | १ पटक | कफी सुपरजोन क्षेत्र | कलष्टरमा व्यवसायीक रुपमा कफी खेती गरेको हुनुपर्ने। |
| ६. | सुन्तलाजात फलफूलको नमूना बगैंचा स्थापना/व्यवस्थापन तथा सुदृढिकरण | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | ४ पटक | सुन्तलाजात फलफूल जोन क्षेत्र | |
| ७. | बगैंचा सुदृढीकरण अभियान कार्यक्रम सहयोग (सुक्ष्मतत्व, निलोतुथो, चुन, बोर्डो पेन्ट आदि) | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | १५० हेक्टर | सुन्तलाजात फलफूल जोन क्षेत्र | |
| ८. | कृषि यान्त्रिकरण सहयोग कार्यक्रम | बढिमा ५०% | १ पटक | सबै जोन/सुपरजोन क्षेत्र | व्यवसायिक उत्पादन गरेको तथा समूहमा व्यवस्थापन गरी प्रयोग गर्ने प्रतिबद्धता गरेको हुनु पर्ने। |
| ९. | सिंचाई पुर्वाधार निर्माण कार्यक्रम | परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले व्यवस्था गरे बमोजिम | २५ वटा | सबै जोन/सुपरजोन क्षेत्र | सिंचाईका साना अति संवेदशील क्षेत्रलाई सुधार गरी सिंचित क्षेत्र विस्तार गर्ने समूह/सहकारी तथा नीजि उद्यमीले प्रतिबद्धता पेश गर्नु पर्ने। |

<u>प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. रु. १० को टिकेट टाँस गरि निवेदन।
२. परियोजना कार्यान्वयन इकाइले तयार गरेको रित पूर्वक भरेको आवेदन फारम।
३. कृषक समुह/कृषि फर्म/ कम्पनी /कृषि उद्यमी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि।
४. लेखा परिक्षण प्रतिवेदन, कर चुक्ता र स्थायी लेखा नंबर प्रमाणप त्रको प्रतिलिपि।
५. कृषक समुह/कृषक सहकारी/कृषि फर्म/कम्पनी/कृषि उद्यमीको प्रमुख वा अध्यक्ष र निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
६. कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपी।

नि. वरिष्ठ कृषि अधिकृत